बेलबारी नगरपालिका

१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्ड:१ संख्या: ६ सम्वत् २०७५ बैसाख ३ गते

## भाग २

## बेलबारी नगरपालिका

## शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ लाई संशोधन गर्न बनेको कार्यविधि,२०७५

बेलबारी नगरपालिका शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ को दफा १३ (१) बमोजिम नगर कार्यपालिकाको मिति २०७५।१२।२८ को वैठकबाट संशोधित भएका दफा र अनुसूचि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# बेलबारी नगरपालिका
# शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ लाई संशोधन गर्ने बनेको कार्यविधि,२०७५

**प्रमाणिकरण मितिः २०७६।०१।०३**

| परिच्छेद | दफा र उपदफाहरु | हाल भएको व्यवस्था | संशोधन वा थप हुनु पर्ने विषय |
|---|---|---|---|
| परिच्छेद-५ | दफा २८(१क)थप थप गर्ने | नभएको | दफा २८(१क)उपदफा १ बमोजिम बोलाईएको अभिभावक भेलामा विद्यालयको कुल अभिभाववक मध्ये कम्तिमा ५१ प्रतिशत उपस्थित हुनुपर्नेछ, सो संख्या उपस्थित नभएमा दोस्रो पटकको अभिभावकको भेलामा कम्तिमा ३० प्रतिशत अभिभावक उपस्थित हुनुपर्नेछ तर दोस्रो पटक पनि ३० प्रतिशत अभिभावक उपस्थित नभएमा जतिसुकै अभिभावक उपस्थित भए पनि विद्यालय व्यवस्थापन समितिका सदस्य छनौट गर्न बाधा पर्ने छैन । |
| परिच्छेद-५ | दफा २८ को उपदफा (३) हटाउने | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनौट सम्बन्धि अन्य कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ । | **दफा २८ को उपदफा (३) हटाई निम्न बमोजिम थप गर्ने**<br><br>दफा २७ को उपदफा (१) को खण्ड (क) बमोजिम छनौट हुने विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनौट प्रक्रिया सामान्यतया अभिभावकहरुको सहभागितामा सर्वसम्मत विधिबाट छनौट गरिने छ, कारणवस सर्वसम्मत हुन नसकेमा दोस्रोपटक अभिभावक बोलाइ अधिकतम प्रयासबाट सहमतिका आधारमा सर्वसम्मत रुपबाट छनौट गरिनेछ तर दोस्रो पटक पनि सहमति हुन नसके उपदफा (२) बमोजिम गठित विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिले उपयुक्त विधि अपनाई विद्यालय व्यवस्थापन समिति सदस्य छनौट गर्न सक्नेछ । |

**आज्ञाले**
**गणेश प्रसाद दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**